# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज २९ गते, २०८३ साल (संख्या ४२


## भाग ३

### नेपाल सरकार

### महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ४४**

## बालबालिका सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८३

बालबालिका सम्बन्धी नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "बालबालिका सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ७५ मा संशोधन** : बालबालिका सम्बन्धी नियमावली, २०७८ (यसपछि "मूल नियमवली" भनिएको) को नियम ७५ को,-

(१) उपनियम (१) को खण्ड (थ) को सट्टा देहायको खण्ड (थ) राखिएको छ :-

"(थ)नेपाल सरकारले नियुक्त गरेको व्यक्ति- सदस्य-सचिव।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) को खण्ड (थ) बमोजिम सदस्य-सचिव नियुक्त नभएको वा सदस्य-सचिव प्रचलित कानूनबमोजिम निलम्बनमा परेको अवस्थामा मन्त्रालयले राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई सदस्य-सचिवको रूपमा कार्य गर्न खटाउनेछ।"

३. **मूल नियमावलीको नियम ७८ मा संशोधन** : मूल नियमावलीको नियम ७८ को उपनियम (२) पछि देहायका उपनियम (२क) र (२ख) थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२क) नेपाल सरकारले मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको र बाल संरक्षण, बाल संवर्द्धन र बालविकासको क्षेत्रमा कम्तीमा सात वर्षको कार्य अनुभव हासिल गरेको नेपाली नागरिकलाई परिषद्को सदस्य-सचिवको रूपमा नियुक्त गर्नेछ।

(२ख) परिषद्को सदस्य-सचिवको पदावधि चार वर्षमा नबढ्ने गरी निजलाई नियुक्ति गर्दाका बखत नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछ र निजको पारिश्रमिक निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी सरहको हुनेछ।"

४. **मूल नियमावलीको नियम ८५ मा संशोधन** : मूल नियमावलीको नियम ८५ को खण्ड (ग) मा रहेका "रकमको मापदण्ड बनाई लागू गर्ने" भन्ने शब्दहरूको सट्टा "रकमको सम्बन्धमा आवश्यक व्यवस्था गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल नियमावलीमा नियम ८६क. थप** : मूल नियमावलीको नियम ८६ पछि देहायको नियम ८६क. थपिएको छ :-

"८६क. **सहयोग रकमसम्बन्धी व्यवस्था** : (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई उद्धारको क्रममा यातायात, खाना, लत्ताकपडा तथा औषधि लगायतका आवश्यक व्यवस्थाका लागि कोषबाट बढीमा दश हजार रूपैयाँ सहयोग रकम उपलब्ध गराउन सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या भएका कारण जीवन जोखिममा रही उपचारको व्यवस्था हुन नसकेका बालबालिकालाई सम्बन्धित अस्पतालको बिल बमोजिम कोषबाट बढीमा पचास हजार रूपैयाँ उपचार खर्च उपलब्ध गराउन सकिनेछ।

तर स्वास्थ्य बीमा गराएका र निःशुल्क स्वास्थ्य उपचार सेवा प्राप्त बालबालिकालाई बाल कोषबाट उपचारका लागि रकम उपलब्ध गराइनेछैन।

(३) विशेष संरक्षणको आवश्यकता भएका देहायका बालबालिकालाई खाना, अस्थायी आवास, मनोसामाजिक परामर्श, शैक्षिक सामग्री, परिवारको खोजी, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाका लागि कोषबाट बढीमा पचास हजार रूपैयाँ उपलब्ध गराउन सकिनेछ :-

(क) बाबु,आमा वा संरक्षकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको सर्वोत्तम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ख) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कानून विपरीत श्राममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका,

(ग) लागू औषधको कुलतमा फसेका बालबालिका,

(घ) बालबालिकाको कसुरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका।

(४) उपनियम (१), (२) वा (३) बमोजिमको रकम प्राप्त गर्नको लागि सम्बन्धित बालबालिका, निजको संरक्षक वा उद्धार गर्ने निकायले अनुसूची-९ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको बाल कल्याण अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त भएको निवेदनको सम्बन्धमा बाल कल्याण अधिकारीले आवश्यक जाँचबुझ गरी यस नियमबमोजिम कोषबाट रकम उपलब्ध हुन उपयुक्त देखेमा अनुसूची-१० बमोजिमको ढाँचामा मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम बाल कल्याण अधिकारीको सिफारिसप्राप्त भएमा मन्त्रालयको सम्बन्धित शाखाले आवश्यक जाँचबुझ तथा कोषमा मौज्दात रहेको रकम र बालबालिकाको अवस्थाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विश्लेषण गरी सहयोग रकम उपलब्ध गराउन सिफारिस सहित निर्णयको लागि कोष सञ्चालक समितिमा पेस गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम प्राप्त सिफारिसका आधारमा कोष सञ्चालक समितिले यस नियमबमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई उपनियम (१), (२) वा (३) को सीमाभित्र रही सहयोग रकम उपलब्ध गराउने निर्णय गर्न सक्नेछ।

(८) उपनियम (७) बमोजिम रकम उपलब्ध गराउने निर्णय भएमा मन्त्रालयको सम्बन्धित शाखाले त्यस्तो बालबालिकालाई बैङ्क खाता मार्फत रकम भुक्तानी गराउनु पर्नेछ।

(९) उपनियम (८) बमोजिम भुक्तानी गरिएको रकमको विवरणको अभिलेख मन्त्रालयको सम्बन्धित शाखाले अनुसूची-११ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(१०) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई स्थानीय तह, प्रदेश सरकार वा अन्य कुनै सरकारी निकायबाट राहत, पुनर्स्थापना वा उपचारको लागि आवश्यक रकम उपलब्ध गराउन सकिनेछ। त्यसरी रकम उपलब्ध भएकोमा यस नियमबमोजिम कोषबाट रकम उपलब्ध गराइनेछैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **<u>मूल नियमावलीमा अनुसूची-९, १० र ११ थप</u>** : मूल नियमावलीको अनुसूची-८ पछि संलग्न बमोजिमका अनुसूची-९, अनुसूची-१० र अनुसूची-११ थपिएका छन्।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**"अनुसूची-९**

(नियम ८६क. को उपनियम (४) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

बालबालिकाको पासपोर्ट साइजको फोटो

मिति २०.../..../

श्री बाल कल्याण अधिकारी,

.....(स्थानीय तहको नाम)।

**विषयः रकम उपलब्ध गराई पाउँ।**

.....प्रदेश ..... जिल्ला ..... गा.पा./न.पा. वडा नं..... स्थायी बसोबास गर्ने श्री ..... र श्री..... को बालक/बालिका वर्ष... को म/निज श्री ..... बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ को उपदफा (१) को खण्ड (--) बमोजिम अनाथ/असहाय/अशक्त/ विपन्न/परिवार/.....को कारण विशेष संरक्षण आवश्यकता भएको बालबालिका भएकोले मलाई/निजलाई बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८६क. को उपनियम ..... बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था गर्न/संरक्षण गर्न/ -----रोगको उपचार गर्न/उद्धार पछिको व्यवस्थापन गर्न/ शिक्षा तथा आवासको व्यवस्था गर्न/पालनपोषण/हेरचाह वा ..... को लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६३ बमोजिमको बाल कोषबाट रू ---(अक्षरेपि -----) सहयोग रकम उपलब्ध हुनको लागि उल्लिखित नियमावलीको नियम ८६क. बमोजिम सिफारिस गरी दिनुहुन आवश्यक कागजात तथा बैङ्क विवरण संलग्न गरी निवेदन पेश गरेको छु। मैले स्थानीय तह, प्रदेश सरकार वा अन्य कुनै सरकारी निकायबाट राहत, पुनर्स्थापना वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपचारको लागि कुनै प्रकारको रकम लिएको छैन। मैले उल्लेख गरेको व्यहोरा ठीक साँचो छ। झुठ्ठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

**रकम प्राप्त गर्नु पर्ने व्यक्तिको,-**

खातावालाको नाम :

नेपालीमा : ....  अङ्ग्रेजीमा : ....

बैङ्कको नाम र खाता नं.:

बैङ्क खाता रहेको शाखाको ठेगाना :

**संलग्न कागजात**

१. उद्धार गर्ने निकाय निवेदक रहेको हकमा उद्धार गरिएका बालबालिकाको वास्तविक स्थिति, उद्धार गरिएको स्थान लगायतका विवरण स्पष्ट खुल्ने कागजात ।

२. उपचार खर्चको हकमा उपचार गराएको अस्पतालको बिल।

**निवेदकको,-**

नाम :

दस्तखत : (संस्था भए छाप समेत)

ठेगाना :

सम्पर्क नं. :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -१०

(नियम ८६क. को उपनियम (५) सँग सम्बन्धित)

**बालकल्याण अधिकारीको सिफारिस पत्रको ढाँचा**

मिति २०.../../..

श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र
सामाजिक सुरक्षा मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः बाल कोषबाट उद्धार/राहत/पुनर्स्थापना/उपचारको लागि सहयोग रकम उपलब्ध हुन सिफारिस गरिएको सम्बन्धमा।**

....प्रदेश ..... जिल्ला ..... गा.पा./न.पा. वडा नं. . ..... स्थायी बसोबास गर्ने श्री ..... र श्री..... को बालक/बालिका वर्ष--- को श्री ..... बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ को उपदफा (१) को खण्ड (--) बमोजिम अनाथ/असहाय/अशक्त/विपन्न परिवार/----------को कारण विशेष संरक्षणको आवश्यकता भएको बालबालिका भएकोले निजलाई बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८६क. को उपनियम ..... बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था गर्न/संरक्षण गर्न/ -----रोगको उपचार गर्न/उद्धार पछिको व्यवस्थापन गर्न/ शिक्षा तथा आवासको व्यवस्था गर्न/पालनपोषण/हेरचाह वा ..... को लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६३ बमोजिमको बाल कोषबाट रू ---(अक्षरेपि -----) आर्थिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राहत/सहयोग/उपचार खर्च उपलब्ध गराइ दिनुहुन ----------सिफारिस साथ अनुरोध गरेको छु।

सिफारिस गर्ने बाल कल्याण अधिकारीको,-
नाम :
स्थानीय तहको नाम :
दस्तखत :
मिति :

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-११

(नियम ८६क. को उपनियम (९) सँग सम्बन्धित)

**उद्धार/राहत/पुनर्स्थापना तथा उपचारको लागि सहयोग रकम निर्धारण अभिलेख**

| क्र. सं. | सहयोग रकम पाउने बालबालिकाको | | | | निवेदकको नाम र ठेगाना | सहयोग रकमको अधिकतम सीमा रू. | उपलब्ध गराइएको सहयोग रकम रू. |
|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | उमेर | लिङ्ग | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| | जम्मा | | | | | | |

अभिलेख तयार गर्नेको दस्तखत :
नाम :
पद :

रूजु गर्नेको दस्तखत :
नाम :
पद :

स्वीकृत गर्नेको दस्तखत :
नाम :
पद :

मिति : २०... .../... .../....."

**आज्ञाले,**
**कृष्णबहादुर राउत**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।